# मादी गाउँपालिका

# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित


खण्ड ७ संख्या २ असार १५ गते, २०८० साल

## भाग १

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ सभाले जारी गरेको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

# संवत् २०८० सालको ऐन नं. २

# मादी गाउँपालिका विनियोजन ऐन, २०८०

प्रस्तावनाः मादी गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मादी गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "मादी गाउँपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु. ८८ करोड ८२ लाख ०४ हजार** पैसा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त मादी गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए ता पनि कार्यपालिका, वडा समितिले र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग

मादी गाउँपालिका, कास्की

हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ बमोजिम कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीन रही कुनै शीर्षकबाट पूँजिगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्नेछ, सो भन्दा बढी रकमको रकमान्तर वा शीर्षकान्तर गर्नु परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूची-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

गाउँपालिका तथा वडा समिति सवैको

| क्र.स. | क्षेत्रगत विवरण | पूँजीगत | चालु | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३६५६६००० | ३१८९०००० | ६८४५६००० | ७.७१ |
| २ | सामाजिक विकास | २२३४०००० | ४५००२७७४० | ४७२३६७७४० | ५३.१८ |
| ३ | पूर्वाधार विकास | २०१९१७००० | ० | २०१९१७००० | २२.७३ |
| ४ | वन, वातावरण र विपद् व्यवस्थापन | ७७९५००० | ५०००००० | १२७९५००० | १.४४ |
| ५ | सुशासन तथा संस्थागत विकास | १५०५५००० | ११७६१३२६० | १३२६६८२६० | १४.९४ |
| | जम्मा | २८३६७३००० | ६०४५३१००० | ८८८२०४००० | १००.०० |

**आज्ञाले**

**नारायण प्रसाद अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**